
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक १३ गते मंगलबार ❑ 29 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सरकार ठुला दल काग्रेंस र एमालेले नसोचेसम्म परिवर्तन हुदैन: अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

पूर्व प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधव कुमार नेपालले सरकार परिवर्तनको बिषयमा सत्ताधारी दुई ठुला दल कांग्रेस र एमालेले चाहेसम्म कसैले परिवर्तन गर्न खोजेर परिवर्तन नहुने बताउनु भएको छ ।

समाजवादी प्रेस सङ्गठन नेपाल, कास्कीले सोमबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले सरकार परिवर्तनको कुरा दुई ठुला दल बाहेक अन्य जो कसैले चाहेर तथा बजारमा हल्ला भएको आधारमा परिवर्तन भने हुन नसक्ने अबस्था रहेको जनाउनु भयो । उहाँले भन्नुयभो, "जसले माओबादी अध्यक्षसंग प्रधानमन्त्री केपी शर्मा ओलीले स्वर्ग गए पनि नर्क गए पनि संगै जाउला भनेर केही समय अघि माओबादीसंग भन्नु भएको थियो आज त्यस्ता भनाई कागेंस सभापति शेरबहादुर देउवालाई पनि पक्कै भन्नु भएकै होला, सरकार परिवर्तनको कुरा हाल



कसैले सोच्नु भएको छ भने नेपाली कागेंस र एमाले बाहेक यी दुई वटा महान पात्रले सोच्ने बाहेक अरुले सोचेर केही हुदैन ।"

पार्टी एकताको बिषयमा हाल कुनै कम्युनिष्ट पार्टीसंग मिल्ने कुनै परिस्थिती नभएको उहाँले बताउनु भयो । एमालेसंग मिल्ने बिषयमा कल्पना पनि गर्न नसक्ने बताउनु भएको अध्यक्ष नेपालले माओबादी केन्द्रसँगको लागि परिस्थिती नआएको जनाउनु भयो । समाजबादी मोर्चाहरु बनाउने बताउदै अध्यक्ष नेपालले अहिलेको आवश्यकताको आधारमा बिषय बस्तुलाई समेटेर नेपाली विशेषताको समाज अनुसारको समाजबादको बाटोमा पार्टी लाग्ने उहाँले जनाउनु भयो ।

धेरै सोच विचार गरेर अति आवश्यकताको आधारमा मात्र भवन तथा कुनै पनि पालिकाहरुको प्रशासनिक भवन देखि पुल निर्माण एवं प्रधानमन्त्री निवास लगायतको क्षेत्रमा आवश्यकता भन्दा बढी विलाशिताको लागि ठुलो रकम खर्च हुने गरेको उहाँको आरोप थियो । नेपालका १६ वटा विमानस्थलमा भएको लगानी अनुसारको विमानस्थलहरु प्रभावकारी ढंगले संचालन हुन नसक्दा पोखरा अन्तराष्ट्रिय विमानस्थल जस्तै नाम मात्रकै अन्तराष्ट्रिय उडान आन्तरिक भएको अध्यक्ष नेपालले दाबी गर्नु भयो । नेपालको अनुमगन र मूल्याङ्कन पक्ष कमजोर हुँदा जनताको ठुलो रकम सहकारीमा हिनामिना भएको उहाँको दाबी छ । आफुले सहकारीको धेरै बर्ष पहिला राम्रो अनुगमन गर्नुपर्‍यो भन्दा त्यसको सुनुवाई नभएको अध्यक्ष नेपालले दाबी गर्नु भयो । सहकारी पिडितहरु हाल हरिबिजोग अबस्थामा पुगेकोले सहकारीको रकम अपचलन गर्नेहरुबाट जनताको रकम फिर्ता गराउन उहाँले माग गर्नु भयो । सहकारीको रकम जग्गामा लगानी गरे पनि विदेशसम्म पुर्‍याए पनि उक्त रकम फिर्ता गराउन सरकारले पहल गर्न उहाँको सुझाव थियो ।

सहकारी पिडिहरुको विषयमा सरकारले सहकारी ठग्नेहरु जो कोहीलाई पछि छाड्न नहुने तर दोषीलाई कार्वाही गर्न नहुने बताउदै सहकारी पिडितहरुलाई जति सक्दो छिटो रकम फिर्ता गराउनुपर्नेमा जोड दिनु भयो । सहकारी पिडित, बाढी पहिरो पिडितको पक्षमा सरकारले प्रभावकारी काम गर्न नसकेको भन्दै अध्यक्ष नेपालले सरकार प्रति आलोचना गर्नुभयो ।

## तिहारमा स्वदेशी फूलको प्रयोग गरौँ : कृषि मन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक



गण्डकी प्रदेशकी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्मा जि.सी श्रेष्ठले स्वदेशी उत्पादन प्रयोगमा जोड दिन आग्रह गरेकी छिन् ।

स्वदेशी उत्पादनको प्रयोगले व्यवसायी, उद्योगी, श्रमजीविसँगै देशको अर्थतन्त्रलाई समेत उत्साह दिने भएकाले उपलब्ध भएसम्म स्वदेशमै उत्पादित सामाग्रीहरु प्रयोग गर्न जोड दिएकी हुन् । सोमबार देखि पोखरामा सुरु भएको आठौं गोदावरी पुष्प प्रदर्शनी तथा पाँचौं गण्डकी प्रादेशीक पुष्प मेला २०८१ को उद्घाटन गर्दै मन्त्री श्रेष्ठले भनिन्,'उपलब्ध भएसम्म हामीले अब स्वदेशी उत्पादन प्रयोगमा जोड दिनुपर्छ । यसले उत्पादनमा जोडिनुहुनेलाई उत्साह त मिल्छ नै, सँगै देशको अर्थतन्त्रलाई पनि टेवा पुर्याउँछ ।' नजिकिदै गरेको फूलहरु समेतको पर्व तिहारमा पनि देशमा उत्पादीत फूलको प्रयोग गर्न उनको सुझाव छ । 'देशको उत्पादनले मात्रै फूलको माग धान्न सक्ने अवस्था अहिले छैन । केहि समय अधिको वर्षाले पनि यसको खेतीमा असर गरेको छ । तर मिलेसम्म, उपलब्ध भएसम्म तिहारमा देशमै फूलेका फूलले शुभकामना र आशिष दिऔँ' मन्त्री श्रेष्ठले भनिन् । सोमबार कात्तिक १२ देखि पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा सुरु भएको प्रदर्शनी तथा मेला कात्तिक १६ गतेसम्म सञ्चालन हुनेछ ।

## कात्तिक १८ गते आइतबार ११ : ३७ बजे भाइटीकाको शुभ साइत

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको साइत सार्वजनिक गरेको छ ।

यही कात्तिक १८ गते आइतबार बिहान ११:३७ बजे भाइटीकाको साइत शुभ रहेको समितिको सोमबारको बैठकले निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो । पश्चिम मोहडा गरेर भाइटीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । नेवार समुदायले मनाउने किजापूजा पनि त्यसै दिन गर्नुपर्ने जनाइएको छ । यस वर्षको यमपञ्चक अर्थात् नेपालीको दोस्रो ठूलो चाड तिहार कात्तिक १३ गते मङ्गलबारदेखि सुरु हुँदैछ ।

म ङ ् ग ल बा र धनत्रयोदशी (धनतेरस) पर्व मनाइन्छ । यमदीपदान भने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमाले पार्टी कार्यालय निर्माण कार्य तत्काल नगर्न आदेश

**रासस**
काठमाडौं, १२ कार्तिक

सर्वोच्च अदालतलले नेकपा (एमाले) ले पार्टी कार्यालय निर्माण गर्न जग्गा दान लिई हक हस्तान्तरणलगायत काम कारबाही नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले आज एमाले पार्टी कार्यालयल निर्माण गर्न व्यवसायी मीनबहादुर गुरुङले दानमा दिएको जग्गा लिएर काम कारबाही नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

आदेशमा भनिएको छ, "सुविधा सन्तुलनको दृष्टिले अन्तरिम आदेशको छलफलबाट टुङ्गो नलागुन्जेलसम्म निवेदन दाबी बमोजिम विपक्षीहरूबीच निवेदनमा उल्लेखित मिति २०८१ आसोज २५ मा दान लिएको भनिएको १० रोपनी १४ आना जग्गा दान लिइ हक हस्तान्तरणलगायत काम कारबाही नगर्नु नगराउनु ।"

आदेशमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ (३) र ३८ (६) को व्यवस्था अनुकूल नदेखिनुका साथै सोही ऐनको दफा ३८(५) मा भएको आर्थिक सहयोग प्रदान गर्दा दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने सर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी दलले सहयोग प्राप्त गर्न हुँदैन भन्ने कानुनी व्यवस्था तथा सत्तामा रहेको दललाई फाइदा हुने, पारदर्शिता नहुने, निर्वाचन लगायत प्रक्रियाहरू प्रभावित हुने उल्लेख छ । व्यवसायी गुरुङले एमालेलाई जग्गा दान दिने निर्णय बदर गर्न माग गर्दै अधिवक्ता डा. ज्ञानबहादुर बस्नेतले दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि अदालतले उक्त आदेश गरेको हो । अदालतले यही कात्तिक २६ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

गुरुङले एमालेको केन्द्रीय कार्यालय बनाउन गत असोज २५ गते काठमाडौँको कीर्तिपुर नगरपालिका-२, मैत्रीनगरमा रहेको १० रोपनी १४ आना जग्गा दान गरेको घोषणा गरिएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीको दम्पत्ति र जग्गादाता गुरुङ दम्पतीले संयुक्त रूपमा एमाले मुख्यालय भवनको शिलान्यास समेत गरिसक्नुभएको थियो । अदालतको आदेशसँगै एमालेको पार्टी कार्यालय निर्माणको काम तत्कालका लागि रोकिएको छ ।

## होटल संघ पोखरामा मनोनयन र पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

होटल संघ पोखरा नेपालका नवनिर्वाचित पदाधिकारी र मनोनित सदस्यहरुको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ । पोखराको लेकसाइड स्थित संघको कार्यालयमा सोमबार आयोजित समारोहमा निर्वाचन मण्डलका संयोजक भरतराज पराजुलीले निर्वाचित पदाधिकारीलाई सपथग्रहण गराएका थिए ।



चारजना मनोनित सदस्यलाई भने नवनिर्वाचित अध्यक्ष लक्ष्मण सुवेदीले सपथग्रहण गराएका थिए । मनोनित सदस्यमा ट्रेकर्स लजका सरोज अधिकारी, होटल रोमान्टिकाका मोहदत्त भुसाल, होटल सनफ्लावरका शिवप्रसाद अधिकारी र होटल ट्रेकर्स इनका महादेव भण्डारी रहेका छन् । संघको गत विहीबार सम्पन्न २१ औं अधिवेशनले नयाँ कार्यसमिति निर्वाचित गरेको थियो । कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गरेकोमा निर्वाचन समितिका संयोजक एवम् सदस्यहरु, होटल संघ नेपाल, संस्थाका संस्थापक अध्यक्ष, पुर्व अध्यक्ष एवम् सल्लाहकार, पदाधिकारी, कार्यसमिति सदस्य, साधारण सदस्य, अधिवेशनमा प्रयोजन गरी सहयोग गरेका एइजिज सफ्टवेर, एलिट मोटर्स, होम साज ट्रेडिङ र नियोकस कन्सर्नलाई संघका अध्यक्ष सुवेदीले धन्यवाद ज्ञापन गरेका छन् । यसै गरी गत कार्यकाललाई सफल बनाउन र संस्थाको हरेक उत्सव, महोत्सव एवम् कार्यक्रमहरुलाई सम्पन्न गर्न सहयोग गरेकोमा पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, प्रशासनिक तथा सुरक्षा निकायका प्रमुख, स्थानीय निकायका अध्यक्ष एवम् प्रमुख, होटल संघ नेपाल, पोखरा पर्यटन परिषद्, पर्यटन सँग सम्बन्धित संस्थाका अध्यक्ष, संस्थाका संस्थापक अध्यक्षहरु, पुर्व अध्यक्ष एवम् सल्लाहकारहरु, पदाधिकारी एवम् कार्यसमिति सदस्यहरु, साधारण सदस्यहरु, मिडिया एवम् संचारकर्मी र हाल सर्वसम्मत निर्वाचित पश्चात् विभिन्न माध्यामबाट नवर्निवाचित कार्यसमितिलाई वधाई एवम शुभकामना दिएका सम्पूर्ण व्यक्ति र संस्थाप्रति पनि अध्यक्ष सुवेदीले आभार प्रकट गरेका छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# क्लब स्तरिय क्रिकेटको उपाधि राइजिङ पोखरालाई

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

पोखरामा सम्पन्न कास्की जिल्ला क्लब स्तरीय एक दिवसिय क्रिकेटको उपाधि राइजिङ पोखरा क्रिकेट क्लबले चुमेको छ । फाइनल खेलमा राइजिङ पोखराले पोखरा क्रिकेट क्लबलाई ६ विकेटले हराउँदै च्याम्पियन बन्न सफल भएको हो ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा अन्तर क्लब स्तरिय एक दिवसिय क्रिकेट च्याम्पियनसिपको फाइनलमा २२५ रनको लक्ष्य पाएको राइजिङले ४१.२ ओभरमा ४ विकेटको क्षतिमा २२७ रन बनाउँदै उपाधि चुमेको हो ।

राइजिङको जितमा ओपनर अनिल गुरुङ नायक बने । उनले १०१ रनको शतकिय पारी खेल्दै नटआउट रहे । ११९ बलमा ८ चौका र २ छक्का समेत प्रहार गरे । यस्तै कृष्ण पौडेल २७ रनमा नटआउट रहे । उनले १७ बलमा १ चौका र ३ छक्का प्रहार गरे । विमल विक्रम खत्रीले ६९ रनको योगदान दिदै आउट भए । उनले ६६ बलमा ६ चौका र ४ छक्का प्रहार गरे । नविन पोखेल ५, निर्मल क्षेत्री १६, अस्विन अधिकारी १ रनमा आउट भए । पोखराका लागि




देव शाहले १० ओभरमा ४६ रन खर्चदै सर्वाधिक ३ विकेट लिए । अमन सुवेदीले १ विकेट लिए । त्यस अघि पोखरा रंगशालास्थित क्रिकेट मैदानमा टस हारेर ब्याटिको निम्तो पाएको पोखरा क्रिकेटले ५० ओभरमा ८ विकेट गुमाउँदै २२४ रन बनायो । पोखराका लागि सुवाष भण्डारी ८८ रनमा नटआउट रहे । उनले १०५ बलमा ९ चौका र १ छक्का प्रहार गरे । ओपनर मुस्कान थापाले ३२ रन जोडे । उनले ३१ बलमा ६ चौका प्रहार गरे । अर्जुन बुढाथोकी ११, रोशन पौडेल १३, मनिस भण्डारी ४, अनिस खड्का २, इशान श्रेष्ठ १८, देव शाह १० र विजय राउत ६ रनमा आउट भए । अमन सुवेदी २ रनमा नटआउट रहे । राइजिङका लागि अन्जन केसीले १० ओभरमा २ मेडनसहित ३० रन खर्चेर २ विकेट लिए । समिर भुजेलले १० ओभरमा ४३ रन खर्चेर २ तथा कृष्ण पौडेल र सविन खत्रीले समान १/१ विकेट लिए ।

पोखरा क्रिकेट क्लबका सुवाष भण्डारी प्लेयर अफ द सिरिज घोषित भए । उनले जारी प्रतियोगितामा कुल ९ अंक बटुल्दै सर्वोत्कृष्ट घोषित भएका हुन् । उनले कुल चार खेलमा ८ विकेट लिए भने १२० रन बनाए । यस्तै राइजिङका अनिल गुरुङ उत्कृष्ट ब्याट्सम्यान घोषित भए । उनले चार खेल खेल्दै कुल १९१ रन बनाए । उनी फाइनल खेलको म्यानअफ दि म्याच समेत घोषित भए । पोखराकै देव शाह उत्कृष्ट बलर घोषित भए । उनले कुल चार खेलमा १४ विकेट लिए । उनीहरुले ट्रफी हात पारे । कात्तिक १ गतेदेखि प्रतियोगिता सञ्चालन भएको थियो । प्रतियोगितामा कुल ९ टिमको सहभागिता रहेको थियो । पुरस्कार वितरण समारोहमा बोल्दै प्रादेशिक क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले पोखरामा अब राउन्डरोविन लिग खेलाउने प्रयास गर्ने बताए । जारी प्रतियोगितालाई हेर्दा समेत क्लबहरुले पहिलो खेल भन्दा त्यसपछिका खेलहरुमा राम्रो गरेका कारण क्रिकेटको विकासका लागि लिगको आवश्यकतालाई मध्येनजर गरेको सुनाए । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको सहयोग रहेको प्रतियोगिताको पुरस्कार वितरण समारोहमा प्रदेश खेलकुद परिषदका वोर्ड सदस्य ऋषि गौतम, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाँ, सदस्य राजन वडगामी, गण्डकी अञ्चलका पूर्व कप्तान रविन्सन प्रजु, विग्नेश थापालगायतको सहभागिता रहेको थियो भने कार्यक्रम सञ्चालन सचिव विरेन्द्र पुनले गरेका थिए ।

# शुक्ला साहित्य पुरस्कार उपाध्यायलाई, लोक साहित्य न्यौपानेलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

यस वर्षको शुक्ला साहित्य राष्ट्रिय पुरस्कार साहित्यकार एवं भाषविद् मुकुन्द शरण उपाध्यायलाई प्रदान गरिने भएको छ ।

जनस्तरवाट रकम संकलन गरी शुक्ला साहित्य प्रतिष्ठान बाटुलेचौरद्वार स्थापित सो पुरस्कार भाषाविद् उपाध्यायलाई प्रदान गरिन लागेको हो । प्रतिष्ठानले सोमवार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी नगद ५५ हजार ५ सय ५५ रुपैयाँ राशीको पुरस्कार उपाध्याय र लोककवि चेत वहादुर वरुवाल लोक साहित्य स्मृति पुरस्कार संस्कृतिकर्मि प्राडा कुशुमाकर न्यौपानेलाई प्रदान गरिने प्रतिष्ठानका सचिव दिपेन्द्र वाँनियाले जानकारी दिनुभयो । लोक साहित्य पुरस्कारको राशी १५ हजार ५ सय छ । वि.सं. २०४५ सालमा जनकवि केशरी धर्मराज थापाको परिकल्पनामा स्थापित प्रतिष्ठानले ११ औं संस्करणको राष्ट्रिय पुरस्कार यही कार्तिक १५ गते वितरण गर्ने र चौथों संस्करणको लोक साहित्य पुरस्कार आगामी मंसिर १५ गते वितरण गर्ने जनाएको छ । राष्ट्रिय पुरस्कारवाट यसअघि मदनकृष्ण श्रेष्ठ हरिवंश आचार्य, डा रविलाल अधिकारी, साहित्यकार सरुभक्त श्रेष्ठ, वरिष्ठ काटुनिष्ट दुर्गा वराल वात्सायन, चेतमानसिंह भण्डारी, जनगायक जीवन शर्मा, लोक गायिका हरिदेवी कोईराला, साहित्यकार हंशपुरे सुवेदी,भाषविद् चुडामणि बन्धु र संस्कृतिकर्मि प्राडा जगमान गुरुङलाई प्रदान गरिसकिएको छ । त्यस्तै वि.सं. २०७० मा स्थापित लोक साहित्य पुरस्कार यसअघि गितकार तिर्थ तामाङ, लोकनाथ पोखरेल र कवि रामप्रसाद पौडेलघर्मेलीले प्राप्त गर्नुभएको सहसचिव संजय थापाले जानकारी दिनुभयो । दुवै पुरस्कारका लागि अग्नीधर शर्मा तिमिल्सीनाको संयोजकत्वमा गठित श्रष्टा छनौट समितिको सिफारिसलाई प्रतिष्ठानले अनुमोदन गरी सार्वजनिक गरेका हो । प्रतिष्ठानले हास्यव्यंग्य, गीत संगीत, समालोचना, साहित्यका विभिन्न विघा, लोक साहित्य, जनवादी र प्रगतिशील सीहित्य, भाषा र नेपाली व्याकरणका क्षेत्रमा योगदान पुर्‍याउने श्रष्टालाई प्रत्येक दुई दुई वर्षमा सो पुरस्कार प्रदान गर्दै आईरहेको छ । पत्रकार सम्मेलनमा वोल्दै प्रतिष्ठानका अध्यक्ष हरिवहादुर वरुवालले नेपाली साहित्य, कला र विभिन्न क्षेत्रमा प्रतिष्ठानले निकै ठुलो योगदान पुर्‍याएको वताउदै, प्रतिष्ठान राष्ट्रिय स्तरको भएपनि ओझेलमा पर्ने गरेको गुनासो गर्नुभयो । प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष दुर्गादेवी गौतम वस्नेत, सचिव दिपेन्द्र वाँनियाले नवोदित तथा स्थापित श्रष्टालाई प्रोत्साहन र सम्मान गर्ने उद्धेश्यले पुरस्कार स्थापना गरी अर्पण गरिएको वताए । प्रतिष्ठानले राष्ट्रिय पुरस्कारका साथै मदनचन्दा स्मृति पुरस्कार, लोक साहित्य पुरस्कार र वाल साहित्य पुरस्कार स्थापना गरी संचालन गरेको छ भने श्रीकृष्ण जन्माष्टमीमा राष्ट्रियस्तरको भजन प्रतियोगिता पनि गर्दै आईरहेको छ ।

# बाँझापाटन मिलन टोल विकास संस्थाको १५ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाको १५ औं वार्षिक साधारण सभा हालै सम्पन्न भयो ।

वडा न १३ का वडा सदस्य बलवहादुर वरालले सभाको उद्घाटन गर्दै संस्थाले समाजमा राम्रो कार्य गर्दै आएकोमा प्रशंसा गरे । हरेक सदस्य सकारात्मक सोच लिएर अगाडि बढेमा सामाजिक कार्य गर्न सजिलो हुने वडा सदस्य वरालले धारणा राखे । बाँझापाटन मिलन



मार्ग टोल विकास संस्थाका अध्यक्ष रामलाल सुनारको अध्यक्षतमा भएको कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष रामराज सिग्देल, समाजसेवीहरु क्रमश माधवप्रसाद आचार्य, रमेशराज पौडेल लगायत वोलेको कार्यक्रममा संस्थाका कोषाध्यक्ष धनमाया सुनारले स्वागत र उपाध्यक्ष शान्ती देवी पौडेल केसीले संचालन गरेकी थिइन ।

# हिमालयले स्थापना दिवस मनायो, संस्थापक सदस्य सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव, बाटुलेचौरले २८ औं स्थापना दिवस मनाएको छ ।

वि.सं. २०५४ साल कार्तिक १२ गते स्थापना भएको क्लवले सचिवालय परिसरमा २८ वटा दिप प्रज्वलन गरी स्थापना दिवस मनाएको सचिव तुलवहादुर वस्नेतले जानकारी दिए । स्थापना दिवसका दिन सोमवार क्लवले अस्वस्थ भई स्वास्थ्य लाभ गरिरहनु भएका संस्थापक सदस्य ज्ञानेन्द्र खड्कालाई




सम्मान सहित स्वास्थ्य लाभको कामना समेत गरेको छ । खड्काको निवासमा पुगी संस्थापक अध्यक्ष तीर्थमान तामाङ, निवर्तमान अध्यक्ष सुशील वस्नेत र अध्यक्ष मोहन वहादुर थापाले ढाकाको टोपी, मायाको चिनो र वुके दिएर सम्मान गर्नुभयो ।त्यस अवसरमा क्लवका अध्यक्ष थापाले संस्थापकहरुको मेहनत र अभिभावकिय भुमिकाले संस्था यहाँसम्म आई पुगेको स्मरण गर्नुभयो । क्लवले स्थापना दिवसको मुल कार्यक्रम भने आगामी २२ गते स्थानिय बाटुलेचौर खेल मैदानमा गर्ने गरी तयारी गरेको छ ।उक्त दिन २७ औं रक्तदान, शुभकामना आदान प्रदान तथा चियापान, समाजसेवा पुरस्कार, उत्कृष्ट कृषक पुरस्कार, एकल महिला सहयोग हस्तान्तरण र विविध सांस्कृतिक कार्यक्रम गर्ने संयोजक प्रकाश थापाले जानकारी दिनुभयो । कार्यक्रम गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विर्खचीको प्रमुख आतिथ्यतामा हुने वताईएको छ ।

# साफ च्याम्पियसिपको फाइनल खेलको टिकट बिक्री स्थगित

**रासस**
काठमाडौं, १२ कार्तिक

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले राजधानीमा जारी साफ महिला च्याम्पियनसिप फुटबलअन्तर्गत फाइनलको खेलको टिकट बिक्री तत्कालको लागि स्थगित गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा यही कात्तिक १४ गते हुने नेपाल र बङ्गलादेशबीचको फाइनल खेलको टिकट अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको एन्फाले जनाएको छ ।

आइतबार भएको दोस्रो सेमिफाइनल खेलअन्तर्गत नेपाल र भारतबीचको खेल हेर्न आउने दर्शक रङ्गशालाको क्षमताभन्दा बढी भएको र खेलाडी एवं दर्शकको सुरक्षाको लागि तत्कालको लागि टिकट बिक्री गर्न स्थगन गरेको एन्फाको भनाइ छ ।

साफको टिकेटिङ अधिकार प्राप्त माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिले दोस्रो सेमिफाइनल खेलमा दर्शक क्षमताभन्दा बढी टिकट बिक्री गरेकाले यस विषयमा सत्यतत्य बुझेर मात्र टिकेटिङको व्यवस्था गरिने एन्फाले जनाएको छ । "नेपाल र भारतबीचको खेलमा सङ्घसँगको सम्झौता विपरीत रङ्गशालाको क्षमताभन्दा बढी टिकट बिक्री गरेको कारण उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै टिकेटिङ्ग अधिकार प्राप्त माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिसँग सत्यतथ्य बुझ्ने कार्य भइरहेको छ । त्यसैले हालकै अवस्थामा कुनै पनि माध्यमबाट टिकट बिक्री नगर्ने/नगराउन र अर्को सूचना जारी नभएसम्म फाइनल खेलको टिकट खरिद नगर्न हुन आम दर्शकहरूमा सार्वजनिक आह्वानसमेत गर्दछौं,' एन्फाद्वारा सोमबार जारी प्रेस विज्ञपप्तिमा उल्लेख छ ।

# कात्तिक ...

कात्तिक १४ गतेदेखि बुधबार परेको छ । कागतिहार पनि बुधबार नै मनाउनुपर्ने समितिले जनाएको छ। आयुर्वेदका प्रवर्तक धन्वन्तरीजयन्ती पनि बुधबार नै मनाइन्छ । कुकुर तिहार, नरक चतुर्दशी, दीपमालिका र लक्ष्मीपूजा पनि कात्तिक १५ गते बिहीबार मनाउनुपर्छ । कात्तिक १६ गते शुक्रबार औँशी परेको छ। त्यस दिन भने तिहारको कुनै पर्व नपरेको समितिले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कात्तिक १७ गते शनिबार गाईगोरु पूजा, गोवर्द्धन पूजा, बलि पूजा, हलीतिहार, म्हपूजा र नेपाल संवत् ११४५ प्रारम्भ पनि परेको छ । यसैगरी कात्तिक २२ गते बिहीबार छठ पर्व परेको पनि समितिले जनाएको छ ।

## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,

◆ पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
◆ सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
◆ सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
◆ सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
◆ पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
◆ सन्ततिहरू समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
◆ सामाजिक प्रतिष्ठामा आँच आउछ,

त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं ।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# सर्वोच्चबाट एमालेलाई झड्का

सर्वोच्च अदालतलले नेकपा (एमाले) लको पार्टी कार्यालय भवन निर्माण गर्न जग्गा दान लिने काम कानुन विपरीत भनेको छासर्वोच्चमा कार्यालय भवन निर्माणका लागि जग्गा दान लिई हक हस्तान्तरणलगायत काम कारबाही नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ। न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले एमाले पार्टी कार्यालयल निर्माण गर्न व्यवसायी मीनबहादुर गुरुङले दानमा दिएको जग्गा लिएर काम कारबाही नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङले दान दिने र सत्तारुढ एमालेले दान लिने गरि भवन शिलान्यास भए देखि नै विरोध शुरु भएको थियो । व्यापारीसँग दान लिने कुराको पार्टी भित्र विरोध भएको थियो। पार्टीहरूले गोप्य रुपमा चन्दा र दान लिने गरेकोमा एमालेले खुला रुपमा लिएपछि बहस शुरु भएको थियो । अब दलहरूले कोसंग दान लिने या नलिने बहसको थालनी भएको छाअदालतले पहिलो दृष्टिमै कानुन विपरीत भनेकाले दान पारदर्शी बनाउन र यस सम्बन्धमा कानुनमा देखिएको छिद्र हटाउन दलहरूलाई पाठ सिकाएको छ। सोमबार सर्वोच्चको आदेशमा भनिएको छ, "सुविधा सन्तुलनको दृष्टिले अन्तरिम आदेशको छलफलबाट टुङ्गो नलागुन्जेलसम्म निवेदन दाबी बमोजिम विपक्षीहरूबीच निवेदनमा उल्लेखित मिति २०८१ आसोज २५ मा दान लिएको भनिएको १० रोपनी १४ आना जग्गा दान लिइ हक हस्तान्तरणलगायत काम कारबाही नगर्नु नगराउनु।"

आदेशमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ ९३० र ३८ ९६० को व्यवस्था अनुकूल नदेखिनुका साथै सोही ऐनको दफा ३८९५० मा भएको आर्थिक सहयोग प्रदान गर्दा दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने सर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी दलले सहयोग प्राप्त गर्न हुँदैन भन्ने कानुनी व्यवस्था तथा सत्तामा रहेको दललाई फाइदा हुने, पारदर्शिता नहुने, निर्वाचन लगायत प्रक्रियाहरू प्रभावित हुने उल्लेख छ । व्यवसायी गुरुङले एमालेलाई जग्गा दान दिने निर्णय बदर गर्न माग गर्दै अधिवक्ता डा। ज्ञानबहादुर बस्नेतले दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि अदालतले उक्त आदेश गरेको हो। अदालतले यही कात्तिक २६ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ।

गुरुङले एमालेको केन्द्रीय कार्यालय बनाउन गत असोज २५ गते काठमाडौंको कीर्तिपुर नगरपालिका-२, मैत्रीनगरमा रहेको १० रोपनी १४ आना जग्गा दान गरेको घोषणा गरिएको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीको दम्पत्ति र जग्गादाता गुरुङ दम्पतीले संयुक्त रूपमा एमाले मुख्यालय भवनको शिलान्यास समेत गरिसकेका थिए। अदालतको आदेशसँगै एमालेको पार्टी कार्यालय निर्माणको काम तत्कालका लागि रोकिएको छ। अदालतको आदेशपछि कार्यकर्ता र सदस्यबाट चन्दा उठाएर जग्गा किन्ने र भवन बनाउनुपर्ने भएको छ।२०७२ सालको भुकम्पबाट पार्टी कार्यालय भत्केपछि चार ठाउँमा कार्यालय सार्दै आएको एमालेलाई स्थायी कार्यालय भवनका लागि तत्काललाई भाडामा बस्नुपर्ने भएको छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : व्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# कालीगण्डकीमा पक्की पुल निर्माण

रासस

पर्वत, १२ कार्तिक

पर्वत र गुल्मी जिल्ला जोड्न कालीगण्डकीमाथि पक्की पुल निर्माण गरिएको छ । पर्वतको विहादी गाउँपालिका-३ रानीपानीको इमिचौरदेखि गुल्मीको कालीगण्डकी गाउँपालिका-४ पूर्तिघाट जोड्ने गरी कालीगण्डकी नदीमा पुल निर्माण गरिएको हो।

तीन वर्षमा सम्पन्न गर्नेगरी २०७३ भदौमा रु १४ करोड ६७ लाखमा पुल बनाउन सम्झौता भएको थियो । सम्झौता अनुसार निर्माण व्यवसायीले २०७६ चैतसम्म कार्यसम्पन्न गरी हस्तान्तरण गर्नुपर्ने थियो । विविध कारणले आठ वर्षपछि मात्र पुल निर्माण सम्पन्न भएको हो। पुल निर्माणको जिम्मा पाएको एलिट कन्स्ट्रक्सन प्रालि काठमाडौँका साइड इन्चार्ज अच्युत लम्सालले कोरोना सङ्क्रमण, निर्माण सामग्री अभाव तथा सरकारबाट रकम भुक्तानीमा भएको ढिलाइ लगायतका कारणले पुल निर्माण समयमै सम्पन्न हुन नसकेको बताउनुभयो।

पुल निर्माणका लागि तत्कालीन तम्घास सिमलटारी प्यूठान सडक आयोजना गुल्मी र एलिट कन्स्ट्रक्सन प्रालि काठमाडौँबीच सम्झौता भए पनि बीचमा उक्त कार्यालय नै खारेज भएका कारण पुल निर्माण कार्य लम्बिएको थियो। विसं २०७९ मा सडक डिभिजन कार्यालय पाल्पामार्फत् कार्यान्वय हुने गरी दायित्व हस्तान्तरण भएपछि पुल निर्माणले गति लिएको थियो। सडक डिभिजन कार्यालय पाल्पाका सूचना अधिकारी दुर्गा गौतमले लामो समयपछि पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको बताउनुभयो। पुल निर्माण भएपछि पर्वत र गुल्मीका नागरिकको यात्रा सहज बनेको छ। पुल निर्माणसँगै उत्तरदक्षिण जोड्ने कालीगण्डकी करिडोर र पर्वत खण्डतर्फको कालीगण्डकी लोकमार्ग समेत जोडिएका छन्।

# बक्सिङमा स्वस्तिका फाइनलमा

रासस

काठमाडौं, १२ कार्तिक

आइएसएफ जिम्नासाइड समर गेम्सको बक्सिङमा नेपालकी स्वस्तिका तिरुवा सोमबार फाइनलमा प्रवेश गरेकी छन्।

बहराइनको मानामास्थित अल अहली क्लबमा भएको महिला ५४ केजीमुनि सेमिफाइनलमा स्वस्तिकाले ब्राजिलकी फेरालाई ५-० ले पराजित गरिन्। स्वस्तिकाले ब्राजिलकै खेलाडीलाई फाइनल प्रतिद्वन्द्वीका रुपमा पाएकी छन्। मङ्गलबार हुने फाइनलमा स्वस्तिकाले ओलिभिएराको सामना गर्ने छिन् । पुरुष ८० केजीमुनि युथमा नेपालका नोर्बु थेन्डुप शेर्पाले मङ्गलबारै फाइनलमा ब्राजिलका रेजेन्डा अक्युलेस वालिफर विरुद्ध प्रतिस्पर्धा गर्ने छन्। नेपालबाट बक्सिङमा ५ खेलाडीले सहभागिता जनाएकोमा पुरुष ६३ केजीमुनि नेपालका युनिक राई मात्र पदक विहीन बने। पुरुष ८० केजीमुनि नेपालका सूर्यान वैद्यले पनि कास्य निश्चित गरिसकेका छन्। तेक्वान्दोमा नेपालकी निविता केसीले कास्य पदक जितेकी छन्। इसा स्पोर्ट्स सिटी हल 'सी' मा भएको खेलमा निवितले ६ दशमलव ४८२ अङ्क जोडिन्। चार खेलाडी सहभागी उक्त स्पर्धामा बहराइनले स्वर्ण तथा युएइले रजत पदक जिते। अर्को तेस्रो हुने राष्ट्मा भारत रह्यो।

# सीमान्तकृत समुदायलाई घरबासमार्फत रोजगारसँग जोडिँदै

पोखरापत्र संवाददाता

बागलुङ, १२ कार्तिक



बागलुङको काठेखोलाका सीमान्तकृत महिला तथा युवालाई घरबास (होम-स्टे)मार्फत रोजगारसँग जोड्न थालिएको छ।

गाउँपालिका वडा नं ३, ५, ७ र ८ का करिब एक सय महिला तथा युवालाई रोजगारसँग जोड्न थालिएको हो । यहाँ गाउँपालिकासँगको साझेदारीमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) नेपालको आर्थिक सहयोग र नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशन बागलुङको व्यवस्थापनमा रोजगारी सिर्जनाका लागि कार्यक्रम सञ्चालन भइरहेको छ।

बसाईँसराइले उजाडिन थालेको गाउँमा घरबासमार्फत रोजगारी सिर्जना हुन थालेपछि स्थानीय उत्साहित भएका छन्। पर्यटकीय सम्भावना बोकेका वडा नं ३ को धम्जा देउराली, ५ को बिहुँ, ७ को बौर र ८ को लेखानी गाउँका स्थानीयलाई घरबास सञ्चालनका लागि प्रेरित गरी रोजगार सिर्जना गर्न थालेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो । उहाँले बसाईँसराइले सुनसान बन्दै गएपछि घरबास सञ्चालनपछि धेरैलाई गाउँ फर्काउन सकिने अपेक्षा लिएको उहाँ बताउनुभयो । अध्यक्ष थापाले भन्नुभयो, "गाउँपालिकाले बसाईँसराइ रोक्नका लागि रोजगार सिर्जना गर्ने योजना बनाएको थियो, हाम्रो योजनालाई गैरसरकारी संस्थाले पनि सहयोग गर्नुभयो, सोहीअनुसार यसवर्ष चार वडामा घरबास सञ्चालन गरेका छौं, गाउँमै बसेर केही गर्न चाहने युवा र महिलालाई यसले ठूलो मद्दत गरेको छ, अन्य वडामा पनि सुरु गर्ने योजना छ।" हाल पालिकाका चार स्थानमा सामुदायिक एग्रो घरबास सञ्चालन गरेको नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशनकी कार्यक्रम प्रबन्धक ममिता पुनले जानकारी दिनुभयो। घरबास सञ्चालकलाई पाक कला, घरबास व्यवस्थापन, स्थानीय उत्पादनको प्रशोधन र प्याकेजिङ तालिम दिएको उहाँले बताउनुभयो।"घरबाससञ्चालनका लागि हामीले सञ्चालकलाई तालिम दिएका छौं, गाउँमै जैविक उत्पादनका लागि प्लास्टिक टनेल, प्याकेजिङ मेसिन, तरकारीको बीउ र ड्राइमेसिन उपलब्ध गराएका छौं", पुनले भन्नुभयो,"सहयोग पाएपछि धेरै दाजुभाइ दिदीबहिनी उत्साहित भएर लाग्नुभएको छ, उहाँहरूलाई आयआर्जनसँग जोड्नका लागि निरन्तर सहयोग गर्दै जाने छौं ।" बौर सामुदायिक होमस्टेका अध्यक्ष होमबहादुर पुनले गाउँपालिका र संघसंस्थाबाट पाएको सहयोगले आफूहरूलाई उत्पादनमा लाग्न प्रेरणा मिलेको बताउनुभयो । संस्थाले दिएको तालिमले समुदायलाई एकताबद्ध भएर व्यावसायिक बन्न सिकाएको उहाँको भनाइ छ । हालै स्थापना गरेको घरबासलाई अब प्रचारप्रसार गर्ने र पाहुना भित्र्याउन तर्फ लाग्ने पुनले बताउनुभयो।



## वन व्यवस्थापनको आवधिक योजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०७/१३)

गण्डकी प्रदेश, मनाङ जिल्ला, डिभिजन वन कार्यालय, मनाङद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | डिभिजन वन कार्यालय, चामे, मनाङ<br>सम्पर्क नं.: ०६६-४४०१४०<br>ईमेल: dfomanang@gmail.com |
| प्रस्तावको व्यहोरा | मनाङ जिल्ला भित्र रहेका वनहरुको दिगो व्यवस्थापनको लागि आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला पालिका | मनाङ जिल्ला, नार्सों गाउँपालिका |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

१. **श्री डिभिजन वन कार्यालय, मनाङ फोन नं.: ९७७-०६६-४४०१४०**
ईमेल: dfomanang@gmail.com

२. **श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, पोखरा, फोन नं.: ९७७- ०६१-४६७६५४**
ईमेल: moitfe4@gmail.com

४. **श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि., बानेश्वर, काठमाडौं फोन नं. ९७७-९८४६४०४११८, ईमेल:** geec.nepal@gmail.com





# Kushmisera PHC Office
## Baglung
## Gandaki Province, Nepal

# Invitation for Bids

**First date of Publication: 2081-07-13 BS (2024-Oct-29 AD)**

1. **Kushmisera PHC Office,** Baglung invites electronic bids only from eligible bidders/suppliers for the Supply of Medicine Items mentioned in table below under contract.

| S. N. | Name of Procurement | Contract ID | Estimated Amount NRs. | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Supply of Medicine Items | PHC/JAIMINI/NCB/G/M/1/2081/82 | NRs. 34,99,358.00 | NRS 3000 | 87500 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders/suppliers as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Officer**

# 'बा' हिंडेको बाटो हिंडेर फर्किए छोरा माथिएस

रासस
म्याग्दी, १२ कार्तिक

पहिलो अन्नपूर्ण हिमालका प्रथम आरोही फ्रान्सेली नागरिक मौरिस हर्जोगका छोरा माथिएस हर्जोग ७५ वर्ष अघि आफ्ना बुबा हिंडेको बाटो हिंडेर पहिलो अन्नपूर्ण हिमालको आधार शिविरसम्म पुगेर फर्किनुभएको छ।

गत शुक्रबार म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ आउनुभएका हर्जोग शनिबार आफ्ना बुबा मौरिसका पदचाप पछ्याउँदै अन्नपूर्ण हिमालको आधार शिविर पुगनुभएको थियो । म्याग्दीको अन्नपूर्ण-४ नारच्याङस्थित आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालमा सर्वोच्च शिखर सगरमाथामा मानव पाइला पुग्नुभन्दा तीन वर्षअघि सन् १९५० जुन ३ तारिखमा मौरिस हर्जोग सहितको फ्रान्सेली टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेको थियो।

बुबा हिंडेको बाटो हेर्न र हिंड्न अन्नपूर्ण क्षेत्रमा आउनुभएका माथिएसले प्राकृतिक सुन्दरताले भरिपूर्ण अन्नपूर्ण प्रथम हिमालको विश्वभर प्रचारप्रसार गर्न अनुरोध गर्नुभएको



छ। माथिएसले अन्नपूर्ण र मौरिस हर्जोग पदमार्गलाई विश्वभर चिनाउन आफूले सक्दो पहल गर्ने बताउनुभयो । माथिएसलाई उद्धृत गर्दै उहाँसँगै अन्नपूर्ण आधारशिविर जानुभएका मौरिस हर्जोग पदमार्गका अभियान्ता तेज गुरुङले भन्नुभयो, "जेठो हिमाल भनेर चिनिने अन्नपूर्ण अहिले गुमनाम जस्तै छ । अन्नपूर्णको पर्यटकीय सम्भावनाका बारेमा विश्वभर प्रचारप्रसार गर्नुपर्दछ । मौरिस हर्जोग पदमार्ग, आधार क्षेत्र लगायतका स्थानहरूमा पर्यटन पूर्वाधार निर्माण गरेर विश्वभरका पर्यटकलाई यस क्षेत्रमा ल्याउनुपर्दछ ।"

अभियन्ता गुरुङका अनुसार माथिएसले आधार शिविरस्थित पञ्चकुण्ड ताल नजिक राखिएको पिता मौरिसको सालिकमा माल्यार्पण गर्नुका साथै सामूहिक तस्विर पनि खिच्नुभएको थियो। उहाँले आधार शिविर पुगेर केही बेर ध्यान पनि गर्नुभएको गुरुङले बताउनुभयो । गुरुङले भन्नुभयो, "पदयात्राका क्रममा माथिएसले ७५ वर्ष पहिला आफ्ना पिता हिंडेको मार्ग देखेर चकित हुनुभयो । अहिले जस्तो उवेला पदमार्ग थिएन । भिरपहराको बाटो हुँदै मौरिस यही बाटो भएर अन्नपूर्ण हिमाल आरोहण गर्नुभएको बारेमा हामीले उहाँलाई जानकारी गराएपछि माथिएस दङ्ग पर्नुभयो ।"

सन् २०२५ जुन ३ मा अन्नपूर्ण हिमाल आरोहण गरेको ७५ वर्ष पूरा भएको अवसरमा माथिएसले ८२ वर्षीय आमासहित सम्पूर्ण परिवार अन्नपूर्णको पदयात्रामा आउने प्रतिबद्धता व्यक्त गरेको गुरुङले बताउनुभयो । बुबाले लेखेको 'द अन्नपूर्ण' किताबलाई नेपालीलगायत अन्य भाषाहरूमा पनि अनुवाद गरेर प्रकाशित गर्ने माथिएसले बताउनुभयो।

हर्जोगले अन्नपूर्ण आरोहण गरेको सम्झनामा म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले नारच्याङ हुँदै अन्नपूर्ण आधारशिविर पुग्ने पदमार्गलाई 'मौरिस हर्जोग ट्रेल' नामकरण समेत गरेको छ भने आधार शिविरमा रहेको पञ्चकुण्ड ताल नजिक मौरिसको सालिकसमेत राखेको छ। माथिएसको अन्नपूर्ण क्षेत्रको भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास गरिएको पालिका अध्यक्ष भरतकुमार पुनले बताउनुभयो।

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरबाट २२ किलोमिटरसम्म सवारीसाधनको यात्रा गरी होमखोलासम्म पुगेपछि त्यहाँबाट २१ किलोमिटरको पदैलयात्राबाट आधारक्षेत्र पुगिन्छ। पदमार्गमा रहेको फुतफते झरना, आधार शिविरमा रहेको पञ्चकुण्ड ताल र हिमालको प्राकृतिक सुन्दरताले गर्दा यो क्षेत्र पछिल्लो समय पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ।

# डेङ्गी नियन्त्रण गर्न घरदैलो अभियान

पोखरापत्र संवाददाता
दमौली, १२ कार्तिक

डेङ्गी सङ्क्रमण बढ्दै गएपछि नियन्त्रणका लागि चेतना जगाउन सदरमुकाम दमौलीमा आजदेखि घरदैलो अभियान सुरु गरिएको छ। चिसो मौसम बढ्दै जाँदा पनि डेङ्गी सङ्क्रमण नघटेपछि व्यास नगरपालिका स्वास्थ्य शाखाले बजार क्षेत्रमा घरदैलो अभियान सुरु गरेको हो।

डेङ्गी नियन्त्रणका लागि अपनाउनुपर्ने उपायका बारेमा नगरवासीलाई जानकारी गराउने उद्देश्यसहित घरदैलो अभियान सुरु गरिएको व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "तनहुँमा सबैभन्दा बढी व्यास नगरपालिकामा डेङ्गी सङ्क्रमित छन्। नियन्त्रण गर्न घरदैलो अभियान सुरु गरिएको हो।"

प्रमुख सोतीका अनुसार डेङ्गी नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजौं र नष्ट गरौं अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। उहाँले भन्नुभयो, "लामखुट्टेको बासस्थान खोजेर र नष्ट गर्न सक्यौं भने यसको नियन्त्रण गर्न सकिन्छ। लामखुट्टेले बासस्थान बनाउन सक्ने सम्भावित ठाउँको पहिचान गरी त्यस्ता ठाउँको



नष्ट गर्छौं।" दमौली बजारमा डेङ्गी सङ्क्रमित थपिने क्रम बढ्दो अवस्थामा रहेकाले चेतना जगाउन अभियान सञ्चालन गर्न आवश्यक भएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले बताउनुभयो। जिल्लाभर चार हजार सात सय ११ डेङ्गी सङ्क्रमित रहेकामा व्यास नगरपालिकामा मात्रै एक हजार सात सय १५ छन् । यस्तै शुक्लागण्डकी नगरपालिकामा आठ सय २०, भिमाद नगरपालिकामा ८३, भानु नगरपालिकामा ४४, म्याग्दे गाउँपालिकामा ४५, बन्दीपुर गाउँपालिकामा एक सय ८६, आँबुखैरेनी गाउँपालिकामा एक हजार ६ सय ९८, ऋषिङ गाउँपालिकामा चार, घिरिङ गाउँपालिकामा ६, देवघाट गाउँपालिकामा ८० र अन्य जिल्ला घर भएका ३० जनामा डेङ्गी सङ्क्रमण भएको छ।

दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालका अनुसार बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबर आउनु, खाना खान रुची नलाग्नु, जोर्नी तथा मांशपेशी बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनुलगायत डेङ्गीका लक्षण हुन्। डा बरालका अनुसार पूरा शरीर ढाकिने गरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हम जस्ता सामग्री प्रयोग गर्नु, सधैँ राति र दिउँसो पनि झुलभित्र सुत्नु यसबाट बच्ने प्रमुख उपाय हुन्।

# आइजिपी रनिङ कप पुरुष भलिबल प्रतियोगिताको उपाधि गण्डकी प्रदेश प्रहरीलाई

रासस
काठमाडौं, १२ कार्तिक

आइजिपी रनिङ कप पुरुष भलिबल प्रतियोगिता- २०८१को उपाधि गण्डकी प्रदेश प्रहरीले हात पारेको छ।

सोमबार भएको फाइनल खेलमा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङलाई ३-१ को सेटले पराजित गरी गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले उपाधि हात पारेको हो । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा यही कात्तिक ७ गतेदेखि सुरु प्रतियोगिताका विजेता खेलाडी तथा अफिसियलहरुलाई नेपाल प्रहरी खेलकुद समितिका अध्यक्ष प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले रनिङ कप, मेडल, नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो। साथै उहाँले सर्वोत्कृष्ट खेलाडीलाई नगद पुरस्कार, सहभागी टिमलाई मायाको चिनो, निर्णायकहरु एवं प्रतियोगितामा सहयोग पुऱ्याएकाहरुलाई प्रशंसापत्र तथा मायाको चिनो प्रदान गर्नुभयो। प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीले खेलकुदका विभिन्न विधामा प्राप्त ख्याती तथा प्रहरीका खेलाडीहरूले राष्ट्रको प्रतिनिधित्व गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका विभिन्न प्रतियोगिताहरूमा सहभागिता जनाइ हासिल गरेको सफलता प्रशंसनीय रहेको बताउनुभयो ।

प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमलाई क्रमशः नगद रु एक लाख एक हजार र रु ५१ हजार एवं ट्रफी, मेडल, प्रमाणपत्र प्रदान गरिएको छ । सर्वोत्कृष्ट हुने खेलाडीलाई रु १० हजार पाँच सय ५५ र विभिन्न विधामा उत्कृष्ट हुने खेलाडीलाई जनही रु सात हजार पाँच सय ५५ प्रदान गरिएको छ। उक्त प्रतियोगितामा १० टिमको सहभागिता रहेको थियो।

# विश्वभरका सङ्गीतका विद्यार्थीको सातौं प्रशिक्षण क्याम्प नेपालमा

रासस
काठमाडौं, १२ कार्तिक

विश्वभरका सङ्गीत र 'पर्फमिङ आर्ट्स' का विद्यालयको नेटवर्क क्याम्प (ग्लोमस) को सातौं संस्करण नेपालमा भइरहेको छ। नेपाल म्युजिक सेन्टर ट्रष्टको आयोजनामा अक्टोबर २० देखि ग्लोमस सुरु भएको हो।

विश्वका २१ देशका ३१ विश्वविद्यालयका करिब एक सय ५५ सङ्गीतका विद्यार्थीको ग्लोमसमा सहभागिता रहेको छ । सङ्गीतका विद्यार्थीले २० अक्टोबरदेखि नै गोकर्ण रिसोर्टमा प्रशिक्षण अभ्यास गरिरहेको सोमबार आयोजित अभ्यास प्रदर्शनका क्रममा जानकारी गराइएको हो।

कार्यक्रमको सुरुआत गर्नुहुँदै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्माले यस्ता कार्यक्रमले सङ्गीतका माध्यमबाट संस्कृतिको आदानप्रदान हुने बताउनुभयो। यस्ता कार्यक्रमले आगामी दिनमा पनि निरन्तरता पाउनुपर्ने उहाँको भनाइ थियो। ट्रष्टका अध्यक्ष सन्तोष शर्माले नेपालमा औपचारिकरूपमा सङ्गीतको शिक्षा दिन संस्थाले योगदान गरेको बताउनुभयो। स्थानीय कलाकारको प्रवर्द्धनसमेत गर्ने उद्देश्यले स्थापना भएको संस्थाले यस्ता कार्यक्रमलाई निरन्तरता दिने उहाँको भनाइ थियो। क्याम्पमा ६० जना सङ्गीतका विद्यार्थीको पनि सहभागिता रहेको छ।

# दमौली बजारमा सडक विस्तारले गति लिँदै

पोखरापत्र संवाददाता
दमौली, १२ कार्तिक

निर्माणाधीन मुग्लिन पोखरा सडक योजनाअन्तर्गत तनहुँ सदरमुकाम दमौलीमा सडक विस्तारले गति लिएको छ। अन्य ठाउँमा कामले गति लिइसक्दा पनि दमौली बजारमा काम हुन सकिरहेको थिएन।

दमौली बजारमा डिजाइन सेन्टरबाट २३/२३ मिटरलाई आधार मानेर सडक विस्तार सुरु भएको मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार दमौली बजार खण्डमा नाला निर्माण भइरहेको छ । पाण्डेले भन्नुभयो, "केही समय पहिला बिजुलीको नयाँ पोलहरु गाडीएको छ। बिजुलीको पोललाई आधार मानेर त्यसभित्र सडक विस्तार हुनेछ ।" पाण्डेकाअनुसार सडकबिन्दुबाट १२ दशमलव २५ मा नाला निर्माण हुनेछ । बिजुलीको पोलभन्दा बाहिर दुई



मिटरमा पैदलमार्ग निर्माण गरिने उहाँले जानकारी दिनुभयो।

पाण्डेले भन्नुभयो, "दसैं बिदा अगाडिदेखि काम सुरु गरिएकामा दसैं बिदा सकिएपछि कामले झनै गति लिएको छ। मुग्लिन पोखरा सडकको पूर्वी खण्डअन्तर्गत आँबुखैरेनी, बन्दीपुरमा कामले गति लिँदा सदरमुकाम दमौलीमा काम हुन सकिरहेको थिएन।" सडक विस्तारका क्रममा दमौली बजारका ७४ घरटहरा भत्काइनेछन् । त्यसभित्र जिल्ला प्रहरी कार्यालयको गेट, दुर्गा मन्दिर लगायतका संरचना पर्छन्। केही लाभग्राहीले पहिलो किस्ता बापतको रकम बुझिसकेको पाण्डेले बताउनुभयो। पूर्वी खण्डमा आर्थिक वर्ष २०८०/८१ मा एकतर्फी रुपमा ५५ किलोमिटर दुई लेन कालोपत्र भएको छ।

हालसम्म भने एकतर्फी रुपमा ६३ किलोमिटर कालोपत्र सकिएको पाण्डेको भनाइ छ। पाण्डेकाअनुसार पूर्वी खण्डअन्तर्गत १४ वटा साना पुल निर्माण सकिएका छन् । त्यस्तै दुई ठूला पुल र एक सय तीन वटा कल्भर्ट निर्माण सकिएको पाण्डेले जानकारी दिनुभयो । व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा निर्माण भइरहेको पुलअन्तर्गत दुई सय पाइल निर्माण सकिएको र अब स्ल्याब र बिम बनाउने चरणमा पुगेको उहाँले बताउनुभयो।

उहाँकाअनुसार आर्थिक वर्ष २०८०/८१ मा भूक्षय रोकथामका लागि विभिन्न ठाउँमा बायो इन्जिनियरिङको काम गरिएको छ। त्यस्तै पहिरोजन्य समस्याले पनि काममा अवरोध पुगेको थियो । त्यस वर्षका लागि आयोजनाका लागि पुँजीगततर्फ रु दुई अर्ब ९९ करोड बजेट विनियोजन भएकामा रु दुई अर्ब १४ करोड खर्च भएको जनाइएको छ। पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ।


गण्डकी प्रदेश सरकार
**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**
**प्रदेश संग्रहालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

**बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/१३

यस कार्यालयको आ.व. २०८१/०८२ मा तपशिल बमोजिमको निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकाले सो सम्बन्धी निर्माण कार्यको प्रथम पटक प्रकाशित भएको मितिले २०८१-०८-१३ दिनको १२ बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online Bidding गर्न सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

*नोट : संग्रहालय प्रत्येक मंगलबार बन्द र शनिबार खुल्ला रहनेछ ।*

| S. N. | Contract No. | Descripition Of Work | Bid Security | Cost Of Bidding Document | Estimated Amount (without VAT, PS And Cont) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | PM/KASKI/NCB/W/01/81-82 | CONSTRUCTION OF STORE ROOM, COMPOUND WALL AND STONE PAVING WORKS. | 108000/ | 3000.00/ | 3651183.94/ | |

कार्यालय प्रमुख



गण्डकी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**मातृशिशु मितेरी अस्पताल, पोखरा**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०३/१३

आ. व. ०८१/८२ को लागि यस अस्पतालको प्रयोगशालामा आवश्यक पर्ने रसायन रियजेन्ट विद्युतीय माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि मिति २०८१/०७/१२ गते प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र आव्हान सम्बन्धी विस्तृत जानकारीका अस्पतालको वेबसाइट https://msmhospital.gov.np तथा e-GP पोर्टलबाट प्राप्त गर्न सकिनेछ ।

कार्यालय प्रमुख